सामाजिक विकास मन्त्री
प्रदेश १, विराटनगर, नेपाल

021-536184
Email : mosdprov1@gmail.com

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं:-१
विराटनगर, नेपाल

# अपिल

विगत केही समयदेखि विश्वव्यापी रुपमा संक्रामक रोगका रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) बाट सन्त्रास फैलिरहेको सन्दर्भमा नेपालमा हालसम्म यसको संक्रमण आधिकारिक रुपमा नदेखिएको भएता पनि यो भाइरस अत्यन्तै छिटो सर्ने र हालसम्म यसको उपचार समेत पत्ता नलागेको हुँदा सजग र सतर्क रहन तथा धैर्य र संयमता अपनाउन सबै जनसमुदायमा हार्दिक अपिल गर्दछु।

यसै सन्दर्भमा श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्री माननीय गिरिराजमणि पोखरेलज्यूले मिति २०७६।१२। ४ गते एक अपिल जारी गरेर २०७६ चैत ६ गतेदेखि शुरुहुने एस ई ई परीक्षा केन्द्रहरूमा सबैले आ आफ्ना स्थानबाट सजगता अपनाउन र सबै स्थानीय तहहरूलाई हेल्थ डेस्क स्थापना र सञ्चालन गर्न अनुरोध समेत गरिसकेको अवस्था छ।

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं १, आफ्ना प्रदेश भरिका सबै १४ जिल्ला १३७ स्थानीय तह र अन्तर्गत रहेका ३७५ ओटै एस ई ई परीक्षा केन्द्रहरूमा हेल्थ डेस्क सञ्चालन गरी संभव भए सम्म स्वास्थ्य परीक्षणको उचित ब्यबस्था मिलाउनु हुन, सावुन पानीले हात धुने प्रवन्ध गर्नुहुन र परीक्षा सञ्चालनमा सम्लग्न तथा सरोकावाला सवैको पहलमा कोरोना भाइरस सर्नबाट बच्ने सन्देश मूलक सूचना प्रचारप्रसार गरिदिनुहुन अनुरोध गर्दछु। कसैले पनि हात मिलाउने, अकंमाल गर्ने तथा प्रत्यक्ष ढोग्ने जस्ता अभिवादन नगरी दिन र रुघाखोकी लागेका, ज्वरो आएका वा अन्य सरुवा रोगको लक्षण देखिएका परीक्षार्थीलाई सहज र निश्चिन्त हुनेगरी छुट्टै स्थानमा राखी परीक्षा सञ्चालन गर्ने प्रबन्ध मिलाउनु हुन सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछु।

मन्त्री

जीवन घिमिरे
मन्त्री
सामाजिक विकास मन्त्रालय
प्रदेश नं १, विराटनगर।

(५ चैत्र, २०७६)